१.८.१७. <u>राहदानी विभागका कम्प्युटर इन्जिनियर विपिन प्रसाईले गरेको बयानः</u>

राहदानी विभागबाट जारी गरिएको बोलपत्र (IBF/DOP/G/ICB-01/081/082) र (IFB/DOP/G/ICB-02/081/082) को खरिद कार्य सम्बन्धमा मेरो संलग्नता लागत अनुमान तयार गर्दा Technical specification तयार गर्दा बोलपत्र मूल्याङ्कन (प्राविधिक उपसमिति-सदस्य), मूल्याङ्कन (मुख्य समिति-

आमन्त्रित सदस्य) को जिम्मेवारी रहेको थियो। उल्लिखित Package हरू "Good" भनी बोलपत्र प्रकाशित भएता पनि Goods र serviceक को मिश्रण रहेको थियो। अघिल्लो विद्युतीय राहदानीको ठेक्काको "price schedule/BOQ" लाई आधार लिई दुई प्याकेजमा उपयुक्त हुने " items/particulars" राखी र मुख्य "Technical requirements" समेतलाई आधार बनाई "Market Survey" मार्फत् Unit Rate मागी, त्यसरी प्राप्त भएको दर र अघिल्लो राहदानी ठेक्काको दर समेतलाई आधार लिई लागत अनुमान तयार गरेको थियो। "Market survey" बाट करिब ६ वटा अन्तराष्ट्रिय कम्पनीहरूले पठाएको मूल्य सूची पठाएको थियो। कसैले प्रत्येक itemwise पठाएको भने कसैले केही Item हरूको एकमुष्ट पठाएको हुँदा लाइन/आइटम उपलब्ध भएको मूल्यको भार अनुसार लाइन/आइटम उपलब्ध नभएको एकमुष्ट रकमलाई विभाजन गरिएको र औसत निकालिएको थियो। राहदानी विभागले सोही प्रकृतिको खरिद गर्दा लागेको औसत मूल्य निकालेर आएको औसत र "market survey" मार्फत आएको औसतलाई पुनःM औसत गरि package I र package II को लागत अनुमान तयार पारिएको थियो। Market survey गर्दा विभागको आधिकारिक इमेलको प्रयोग भएको र Vendor लाई मूल्य प्रदान गर्न आवश्यक price schedule table र technical specifications पठाइएको थियो। राहदानी विभागले Goods item नभइ Packaged solution खरिद गरेको हुदाँ कुन कम्पनीको कस्तो प्रणाली संचालन गर्न आवश्यक पुर्वाधार र संख्याको ठ्याक्कै अनुमान लाउन सक्ने अवस्था रहदैन। विभागले Package मा split गर्ने निर्णय गर्दाको बखत company को आफ्नो expertise र क्षमता हुने र सोही अनुसार Bid गर्न मिल्ने हुँदा प्रतिस्पर्धा बढ्न जाने र विभागलाई भविष्यमा राहदानी प्रणालीको ठेक्का पुनः नगरी पुस्तिका र वैयक्तिकरणमा मात्र बोलपत्र गर्न सहज हुने देखिन्छ। यसै प्रकृतिको खरिदको Price schedule अध्ययन गर्दा समेत कुनै कम्पनीले प्रणालीमा कम मूल्य हाल्ने र राहदानी पुस्तिका तथा मसिनमा बढी हाल्ने देखिएको हो। कुनै कम्पनीले भने पुस्तिका तथा मसिनमा कम मूल्य हाल्ने हुदाँ यसको लाभ लिन Package मा split गर्दा विभागलाई समग्रमा आर्थिक फाइदा हुने समेत विभागको अध्ययनको निष्कर्ष थियो। राहदानी विभागको यस अघि सोही प्रकृतिको खरिद गर्दा End-to –End Solution को खरिद २०२० मा भएको थियो। सो खरिदमा मैले माथि उल्लेख गरेझैं कसैले राहदानी प्रणालीमा बढी मूल्य हालेको देखिन्छ भने कसैले राहदानी पुस्तिका तथा वैयक्तिकरणमा बढी मूल्य हालेको देखिन्छ। जम्मा मूल्य एउटै भएपनि Cross-Loading भएको खण्डमा कुनै एक कम्पनीको मात्र मूल्य लिदाँ कुनै प्याकेजमा कम लागत र कुनैमा बढी लागत हुन सक्ने हुदाँ र यसको उदाहरण "Market Survey" मा आएको मूल्यमा पनि देख्न सकिन्छ। लागत बनाउँदा "Market Survey" बाट आएका मूल्य सबै समेटिएको र अघिल्लो चोटि पेश गरेको Bidder हरूको मूल्य समेत सबै समेटी औसत निकालिएको हो। यसले Estimate मा Accuracy ल्याउँछ र Cross-Loading कुनै कम्पनीले गरेको भए सबैको averaging ले त्यसलाई हटाउन मद्दत गर्छ। माथि उल्लेख

गरेझै Package II मा पनि “Market Survey बाट आएको मूल्यहरू बीच निकै फरक देखिन्थ्यो। यस्तै अघिल्लो ठेक्काको मूल्यमा समेत केही फरक देखिएको हो। कम्पनीहरूको यस्तो फरक मूल्यको कारण Cross Loading हुन सक्ने हुदाँ र कम मूल्य मात्र लिई औसत गर्दा लागत अनुमान “Accurate” नहुने देखिएको हुदाँ प्रस्तावित सबै मूल्यको Average लिई औसत गरिएको हो। तसर्थ लागत अनुमानको मुख्य आधार बजारमा प्रचलित भाउको औषत भन्दा कम नै हुने हुदाँ Averaging गरेको हो। सन् २०२० मा विद्युतीय राहदानीको ठेक्का मार्फत बीस लाख राहदानी छपाईको लागि आवश्यक सम्पूर्ण प्रणाली तथा मालसामान IDEMA IDENTIFY &SERVER, SAN Storage, HSM, firewall आदि मालसामान रहेको थियो। विभागले उक्त मालसामानको पुनः प्रयोग बारे अध्ययन गरेको र मालसामान प्रदायक कम्पनी IDEMIA सँग सामानको End-of-life/ End-of-service को विवरण माग गर्दा 5-7 years भनि विभिन्न सामानको EOL/EOS को विवरण पठाएको हो। खरिद प्रक्रिया गर्न करिब २ वर्ष समय लाग्ने, नयाँ ठेक्काको काम सुरु गर्दा पुराना मालसामान ६ वर्ष पुराना र प्रयोगमा रहेको हुने हुन्छ। उक्त परिमाण र उपकरण प्रयोग गर्न चुनौती हुने र समस्या आएमा वा Support/spare parts उपलब्ध नभएको अवस्थामा पूर्ण राहदानी छपाई नि प्रभावित हुन सक्ने हुन्छ। पुरानो प्रणाली पूर्ण रुपमा बन्द नगरी नयाँ प्रणाली Installation तथा Testing गर्न नसकिने र पाँच वर्षको अवधीको Project को बिचमा मालसामान फेर्दा प्रणालीको Service Level agreement मा समेत प्रभाव पर्ने हुदाँ आवश्यकता अनुसार मालसामान जुन Package I र package II को लागि आवश्यक हुन्छ, त्यो सामान बोलपत्र मार्फत (as part of solution) खरिद गरिएको हो। Access control र CCTV भने perso site नै फरक भएको हुनाले त्यो स्थानको सुरक्षाको लागि खरिद गरिएको हो। यो विषय विभागले समिति बनाई अध्ययन गरी निर्णय गरेको हो। विद्युतीय राहदानी खरिद सम्बन्धी प्राविधिक उपसमितिले विभिन्न आधारहरूको (factors basis) मा दुवै End-to-end solution approach र slicing (Booklet and Personalization + system and Hardware) approach का हुने फाइदा र बेफाइदाहरूको विश्लेषण गरिएको थियो। यसका साथै विभिन्न अरु ठुला मुलुकहरुले गरेका Practice हरूको समेत अध्ययन गरी सो कुरा समेत प्रतिवेदनमा खुलाई बुझाइएको थियो। राहदानी जस्तो Critical infrastructure को लागि विभागको strategic contract अपरिहार्य हुने र Long Run मा यसले better value for money र operational autonomy दिने कुरा उपसमिति मार्फत Recommend गरिएको हो। दुइ प्याकेज मार्फत प्रतिस्पर्धा सीमित हुने गरी नभई प्रतिस्पर्धा बढ्ने विश्वासका आधारमा र end -to –end गर्न सक्ने कम्पनी सिमित मात्रामा रहेको हुदाँ प्याकेजमा खरिद गर्दा प्रतिस्पर्धा बढेको र कसैले दुवै प्याकेजमा Bid गर्दा cross-discount को Provision ले End-to-end solution कै लागि प्रस्ताव गरे समान हुने हुदाँ दुवै विधिको मिश्रण जस्तो भएको हो। यसले विभागलाई सुलभ मूल्यमा प्रणाली र पुस्तिका किन्न मदत पुग्ने देखिन्छ। विभिन्न देशको विभिन्न Hybrid approach हुन सक्ने,

प्याकेजमा split गर्दा Data management system शुद्ध प्रणाली रहेको र पुस्तिका तथा वैयक्तिकरण security printing सँग सम्बन्धित रहेको हुदाँ र integration गर्न पनि सहज हुने हुदाँ दुई प्याकेज यसरी split भएको हो। दुवै प्याकेजमा Bid हाली Cross-discount गरी end-to-end झैं हाल्न नि मिल्ने व्यवस्था उपलब्ध रहेको थियो। पुर्व मौजुदा रुपमा संचालित hardware, software and infrastructure को pre-evaluation तथा reuse सम्बन्धी अध्ययन गर्दा विविध सुविधा, सहजता तथा मितव्ययिताका कारण राहदानी विभागले वर्तमान राहदानी प्रणालीलाई नै थप केही समय निरन्तरता दिनका निम्ति बर्तमान आपूर्तिकर्ता कम्पनीसँग support and maintenance प्रदान गर्ने सम्बन्धमा छलफल गरेको थियो। प्रणाली संचालन गर्न विभागसँग जनशक्ति र ज्ञान नभएको हुदाँ supplier मा dependent हुनु परेको थियो। infrastructures तथा hardware पुरानो हुदैं गएकाले support and maintenance मा बढी मुल्य लाग्ने दाबी supplier ले गरेको, personalization machine प्रयोगको हकमा emperor technology सकरात्मक नदेखिएको जस्ता विविध कारणहरूले नयाँ प्रणाली आवश्यक परेको हो। Reasonable र justified मूल्यमा प्रणालीको support तथा आवश्यकता Licenses उपलब्ध भएको अवस्थामा नयाँ पुस्तिका मात्र खरिद गरि वर्तमान प्रणालीलाई करिब ३ देखि ५ वर्ष प्रयोग गर्ने विषयमा विभाग सकारात्मक रहेको थियो। वर्तमान प्रणाली supplier (IDEMIA) ले संचालन गर्ने गरेको, ठेक्का सम्झौता अनुसार करार अवधि December, 2025 सम्म रहेको र त्यसपश्चात् पुस्तिका तथा system operation and support बन्द हुने हुदाँ सो प्रणाली संचालनमै राख्न र प्रयोग गर्न supplier सँग आवश्यक licenses ABIS support storage बढाउने computing resources L1, L2 र L3 support खरिद गर्न विभागले अथक प्रयास गरेको र supplier ले support तथा आवश्यक License प्रदान नगर्दा प्रणाली continuity हुन नसक्ने अवस्था भएको हुदाँ विभागले विभिन्न आवश्यक item हरूको मूल्यको लागि पत्राचार गरेको र supplier ले भने एकदम उच्च मूल्य दर पठाएको हुदाँ सयम चापको कारणले विभागले प्रक्रिया parallel अगडि बढाएको हो। Need Justification अनुसार प्रणाली संचालन गर्न आवश्यक item हरू supplier सँग लिनुपर्ने बाध्यता, एउटाले बनाएको प्रणालीमा अर्कोले काम गर्न इच्छुक नहुने तथा सहज नहुने जस्ता समस्याले नयाँ प्रणालीको प्रक्रिया शुरु गरेको। hardware हरूको प्रयोगमा भने transition को बेला प्रयोगमा रहेको hardware switch over गर्न समस्या हुने मौजुत hardware नयाँ प्रणालीलाई पर्याप्त हुने/नहुने यकिन गर्न गाह्रो रहेको, समस्या आए विभाग जवाफदेही हुने र warranty and maintenance अलग खरिद गर्नुपर्ने अफ्ट्याराहरू रहेको थियो। यहि आधारहरू बमोजिम बर्तमान प्रणाली निरन्तर प्रयोग गर्न नसकिने भएमा नयाँ प्रणालीमा जानुपर्ने राहदानी विभागको निर्णय रहेको थियो। विभागले License खरिद गर्दा project life/contract period को लागि भनेर गरेको थियो। सबै licenses perpetual नहुने र कुनै भएमा सोही application न वा operating system मा मात्र प्रयोग हुने हुन्छ। ५ वर्षको समयमा version, model हरू परिवर्तन हुने

(upgrade) हुने, पुरानो प्रणालीमा प्रयोग गरेको OS वा appliance प्रयोग गर्न बाध्यकारी requirement राख्न नमिल्ने र पुराना software licenses नयाँमा प्रयोग गर्न नहुने भएकाले "solution" खरिद गर्दा सो अविधिको लागि आवश्यक सबै License विभागको नाममा दिनुपर्ने भनी "scope of works" मा Provision राखिएको थियो। मौजुदा प्रणालीबाट नयाँ प्रणालीमा data migration को हकमा "Package I" को Bidding document को section V अन्तर्गत scope of work मा 1.17 migration of data from existing system शिर्षकमा requirement रहेको र सो requirement बमोजिम "Muhlbauer " ले Technical Bid को 5.1.2.1. data migration from existing system भनि पाँच step मा data migrate गर्ने र सबै प्रक्रिया tool based हुने भनि propose गरेको हो। अन्त्यमा verification process गरि correctness हेर्ने समेत उल्लेख गरिएको हो। मेरो जानकारीमा भएसम्म "data migration" को काम भइराखेको अवस्था थियो। De-duplication को हकमा भने Package I को bidding document को technical specification 3.4.20 biographic and biometric data management अन्तर्गत २६ वटा बुँदा requirement रहेको र सो मा "Muhlbauer " ले technical bid document मा 4.4.7.1 management of biographic and biometric data मा र 4.4.7 duplication and checks भनि detailed proposal राखेको विवरण हेरी प्रस्ताव स्वीकार गरिएको हो। पुरानो PKI तथा HSM प्रणालीले हाल प्रयोगमा रहेको booklet personalization system का सुरक्षा डिजिटल हस्ताक्षर (digital signature) तथा IACO मापदण्ड सम्बन्धी आवश्यकताहरू पुरा प्राविधिक रुपमा सक्ने भएता पनि विभिन्न Risk factors हरू जस्तै vendor compatibility, API compatibility, firmware compatibility, algorithm compatibility, end of life/end of support हुन सक्ने र नयाँ supplier लाई प्रयोगमा रहेको HSM handover गरि test गर्न दिन अप्ठेरो र विभागमा विषय विज्ञता नभएको हुदाँ HSM पुनः प्रयोग गर्न नसक्ने अवस्था रहेको थियो। हाल प्रयोग (वर्तमान प्रणाली) मा प्रयोग भएको HSM करिब ६ वर्ष पुरानो समेत भएको हुदाँ End of life धेरै बाकिँ नहुदाँ बीचमा फेर्नुपर्ने जटिलताले गर्दा पुनः प्रयोग फेर्न नसकिएको हो। मौजुदा पुर्वाधार तथा प्रणालीको प्रयोग निरन्तर गर्नु पर्ने हो। यसको लागि प्राविधिक रुपमा विभाग सक्षम नभएको हुदाँ र supplier कम्पनमा पूर्ण निरन्तरता रहेको हुदाँ यस्तो परिस्थिति आएको भन्ने मेरो बुझाइ हो। भविष्यमा समेत यस्तो स्थिति आउन नदिन विभागले दक्ष प्राविधिक जनशक्ति उचित सीप र तालिम दिएर प्रणाली विभागले संचालन गर्नुपर्छ। सार्वजनिक खरिद प्रक्रिया गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेशन लगायतका विवरण प्राविधिक उपसमिति मार्फत तयार गरिएको हो। UAT सहित हुने लाभहानीको विषयमा भने म जानकार छैन। Package II को Bidding document publish भए पश्चात् धेरै Bidder हरूबाट clarification तथा addendum request हरू आएको हो। सोही अन्तर्गत "water-based sensitizers are not recommended for passports but rather for bank notes. It dose not bring additional security and it makes the passports vulnerable for humidity. In

such case the passport would present evidence of tampering and introduce a doubt on its integrity should we understand that the requirement is for the resistivity to relevant and not the sensitivity to water? (IACO)" र " The anti- soiling properties are widely used for bank notes, however, it is neither used nor recommended for passports, because it creates incompatibility with stamps visa stickers etc. Could contracting Authority consider to remove this requirement" भनि Remarks आएकोमा प्राविधिक उपसमितिमा रहनु भएका राष्ट्र बैंकका प्रतिनिधि समेत जो "security paper" को विषय विज्ञ हुनुहुन्छ, उहाँ लगायत समितिमा छलफल तथा विश्लेषण भई गरी सन् २०२० को खरिदको specifications मा थप गरिएको "and enhanced anti-soiling properties" हटाउने निर्णय समिति मार्फत भइ संसोधन भएको हो। बुकलेटको "security features" लाई Breakdown गरेर estimation नभएको र लागत अनुमान भने एकमुष्ट पुस्तिकाको भएको हुदाँ सो को लागत फरक पर्ने/नपर्ने यकिन गर्न सकिदैन।

Package-I को बोलपत्रदाता Muelhlbauer Id servicer GMBH ले प्रस्ताव गरेको Rack Server तथा बोलपत्रमा उल्लिखित Blade server बीच मूल्यमा हुन सक्ने फरक क्षमता (CPU, RAM etc) performance बारे विश्लेषण भएको हो। बोलपत्र कागजातको scope of work को 1.10 मा data management system services : the bidder shall supply and install adequate number of servers including the chairs /racks and storage at the data center(DC), disaster recovery (DR) sites and archive site…" उल्लेख भएकोमा यसलाई बोलपत्रदाताले complaint गरको, बोलपत्र कागजातको table no: PS-01 Qquantity of items (reference for price schedule) मा 2.1 severs को संख्या वा स्पेशिफिकेशन नतोकी set 3 उल्लेख गरिएको र the bidder shall insert wherever applicable require quantity as many need to maintain the service level requirement provided in the technical specification and rest of the document भनि आवश्यकता अनुसार संख्या वा स्पेशिफिकेशन प्रस्ताव गर्न सक्ने उल्लेख भएको थियो। यस सम्बन्धी प्रष्टिकरण मान्य हुने/नहुने सम्बन्धी विज्ञ (खरिद) हरू सँग राय/सूझाव लिएको हो। तसर्थ बोलपत्रदाताले प्रस्ताव गरेको Rack server लाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (३) मा उल्लेख भए बमोजिम सानातिना फरक मानि उक्त व्यवस्थामा उल्लेख भए बमोजिम clause No. 31.23 का सम्बन्धमा बोपत्रदाताद्वारा प्रस्तुत प्रस्तावले बोलपत्रमा उल्लिखित Technical specification को Requirement पुरा गर्ने देखिएकोले comply हुने निर्णय भएको हो। Package II को हकमा पनि सोही बमोजिम भएको हो । प्राविधिक उपसमितिले दुवै बोपत्रको (Package-I) र (Package-II) को प्राविधिक मूल्याङ्कन अन्तर्गत scope of works Technical specifications र warranty सम्बन्धी अध्ययन गरेको हो। म लगायत केही सदस्यले भने प्रारम्भिक प्रतिवेदनमा औंल्याएका विषयमहरूमा सम्बन्धित बोलपत्रदाताबाट प्राप्त clarification लाई addition/modification/clarification मान्ने/नमान्ने विषयमा सार्वजनिक खरिद अनुगमन कार्यालयसँग

भएको छलफलमा प्राप्त राय/परामर्श मूल्याङ्कन समितिमा र प्राविधिक उपसमितिका सदस्यहरू खरिद परामर्शदाताका प्रतिनिधि श्री सुरेश प्रधान, श्री ध्रुव नेपाल, IDMC का नि. महानिर्देशक श्री मनिष भट्टराई समेतको उपस्थितिमा भएको छलफलमा प्राप्त राय/परामर्श तथा सार्वजनिक खरिद ऐन, २०६३ दफा २५ मा रहेको बोलपत्र मूल्याङ्कन सम्बन्धी विषयहरू समेतलाई आधार मानी Compliance/non-compliance का विषयमा आवश्यक निर्णय लिनु पर्ने भनी आफ्नो मत राखेको हो। बोलपत्रदाता Muehlbauer ID Services GmbH ले पेश गरेको प्राविधिक प्रस्ताव उपर मूल्याङ्कन गरी प्राविधिक समितिले मिति २०८२।०१।१७ मा पेश गरेको प्रतिवेदनमा technical specification को बुदाँहरूको विषय प्राविधिक उपसमितिले कैफियत राखेका विषयहरू हुन। यी सबै विषयहरू मूल्याङ्कन समितिलाई प्रारम्भिक प्रतिवेदनमा पेश भएको थियो। प्राविधिक उपसमितिले थप स्पष्ट हुनु पर्ने भनी औंल्याइएका विषयवस्तुहरू सम्बन्ध थप जानकारी आवश्यक भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (४) अनुसार सबै बोलपत्रदाताहरूलाई clarification माग गरिएको र त्यसरी माग गरेको clarification ग्राह्य गर्न नमिल्ने भनी निष्कर्ष निकालेर सोही बमोजिम कैफियत प्रतिवेदनमा उल्लेख भएको थियो। यसरी पेश भएको clarification लाई addition/ modification हो वा होइन भनि यकिन गर्नुपर्ने देखिएको थियो।यस सम्बन्धमा छलफल गर्दा clarification माग गरी प्राप्त विवरणलाई clarification को रुपमा लिने वा त्यस्तो विषयहरूलाई addition/ modification को रुपमा लिने भन्ने सम्बन्धमा मिति २०८२/०१/२२ बसेको मूल्याङ्कन समितिले निर्णय गरेको हो। सो निर्णयका आधारहरूमा बोलपत्रदाताद्वारा प्रस्तुत प्राविधिक प्रस्तावले विभागको आवश्यकता पुरा गर्छ/गर्दैन र बोलपत्रदाताद्वारा प्रस्तुत बोलपत्रको मूल्यमा र प्राविधिक पक्षमा सारभूत रुपमा फरक पर्ने/नपर्ने, यसरी प्राप्त clarification सबै बोलपत्रदाताको समान रुपले प्रष्टिकरणको रुपमा लिएको हो।

Package-II अन्तर्गत 4.1.14 मा रहेको blade server माग गरिएको र प्रस्ताव Rack server आएकोमा Package ii ले Package I बाट Data लिई EMRTDS Personalization गर्ने र blade servers माग गरिएकोमा प्रस्ताव गरिएको rack server ले प्रयोगबाट यस Package II मा रहेको service level agreement(SLA) पुरा गर्न कुनै बाधा पर्न जाने नदेखिएको भनी प्राविधिक सदस्यहरूको धारणा रहेको कुरा प्रतिवेदनमा उल्लेख भएको हो। यस सम्बन्धी मूल्याङ्कन समितिको मिति २०८२/०२/१९ गतेको बैठकमा veridos GMBH ले 4.1.14 को blade server को requirement comply गरेको देखिएको, system specification (e-GP generated document Pg.399-400) मा उल्लेख गरेको देखिएको तर आर्थिक प्रस्तावको price schedule मा blade server सम्बन्धमा उल्लेख नगरि rack server जस्तो देखिने गरी उल्लेख गरेको देखिएकोले यस बोलपत्रदाता न्यून मूल्याङ्कित हुने अवस्थामा बोलपत्र

कागजातमा उल्लेख भए बमोजिम कै server आपूर्ति हुने सुनिश्चित गरी सम्झौता गर्न विभागलाई सिफारिस गर्ने निर्णय गरेको हो। Technical document मा comply गरेको र पछि खुलेको Financial document मा rack server देखिएको हुदाँ technical document अनुसार "Blade server" आपूर्ति हुने सुनिश्चित गर्न विभागलाई सिफारिस गरेको हो। Package II को बोलपत्रदाता veriods GmbH ले बोलपत्र कागजातको technical specification को 4.2.6 र 4.2.12 मा उल्लेख गरिएका आवश्यकताहरूलाई comply गरेको देखिन्छ। बोलपत्रदाताले e-GP मार्फत पेश गरेको बोलपत्र सम्बन्धी कागजातमा संलग्न system specification (e-GP generated document pg. 404) मा "To guarantee … again." भनी उल्लेख गरेको देखिन्छ। वोलपत्र सम्बन्धी कागजातमा N भन्नाले कति संख्या हो भन्ने केही कतै उल्लेख भएको नदेखिएको तापनि बोलपत्रदातालाई बोलपत्रमा उल्लेख भए बमोजिमको सेवा उपलब्ध गराउन आवश्यक पर्ने Personalization machine को संख्या पूर्ण रुपमा जानकारीमा रहकै देखिन्छ । अतः बोलपत्रदाताले पेस गरेको आर्थिक प्रस्तावको Price Schedule मा Personalization Machine 2 unit भनि उल्लेख गरेको देखिएकोले सयस बोलपत्रमादाता न्यून मूल्याङ्कित हुने अवस्थामा बोलपत्र कागजातमा उल्लेख भए बमोजिमका आवश्यकताहरू पुरा हुने सुनिश्चत गरी सम्झौता गर्न विभागलाई सिफारिस गर्ने निर्णय मूल्याङ्कन समितिको बैठकले गरेको थियो।

राहदानी विभागले package I र package II मार्फत "Packaged solution" खरिदको लागि specification 3.1.18 Comply गरेको थियो। प्याकेजको सम्पूर्ण आवश्यक पुर्वाधार र Bidding document को Reference of price schedule मा supplier ले आवश्यक सामान Propose गर्न सक्ने Flexibility रहेको हुदाँ बोलपत्रदाताले "Rack server" प्रस्ताव गरेको देखिन्छ।यस विषयमा विभागले performance, Throughput लगायताका आवश्यकता प्रस्ताव गरिएको "Rack server" ले पुरा गर्ने/नगर्ने विश्लेषण गरेको देखिन्छ। वर्तमान प्रणालीमा समेत "Rack server" प्रयोग भइरहेको र Server सम्बन्धी clarification मा समेत बोलपत्रदाताले प्रस्ताव गरेको "Server" ले बोलपत्रको आवश्यकता पुरा गर्ने प्रतिवद्धता जनाएको हुदाँ र विभागको विश्लेषणमा server को capacity " form factor" मा नभइ त्यहाँ भएका CPU, RAM, etc. जस्ता Computational resources मा आधारित हुने भएको हुदाँ सार्वजनिक खरिद ऐन,२०६३ को दफा २५ को उपदफा(३) मा उल्लेख भए बमोजिम सानातिना फरक मानि "Minor deviation" भनी सोही अनुसार प्रक्रा अघाडि बढाउने निर्णय भएको थियो। Minor deviation अनुसार financial evaluation को बेला Price loading गरेर प्रक्रिया गरेको हो।

मूल्याङ्कन समितिलाई पेश भएको प्रारम्भिक प्रतिवेदन उपर छलफल भएको र प्राविधिक उपसमितिले थप स्पष्ट हुनु पर्ने भनी औंल्याइएको विषयवस्तुहरूका सम्बन्धमा थप जानकारी आवश्यक भएकाले

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ को उपदफा (४) अनुसार सम्बन्धित सबै बोलपत्रदाताहरूसँग तत् तत् विषयहरूमा आवश्यक जानकारी तथा clarification (स्पष्टीकरण) माग गरेको थियो। यसरी प्राप्त clarification लाई clarification मान्ने वा addition /modification भन्ने विषयमा प्राविधिक उपसमितिमा छलफल भएको थियो। केही सदस्यहरूले कुनै clarification ग्राह्य गर्ने, कुनैलाई addition/modification भन्ने तथा केही विषयहरूमा सार्वजनिक खरिद अनुगमन कार्यालयको राय/परामर्श (advice opinion ) लिदाँ उपयुक्त हुने भनि प्रतिवदेन तयार गरेको हो। यसो गरेर केही बोलपत्रदाता योग्य र केही अयोग्य (सारभूत रुपमा प्रभावकारी नरहेको भनी प्रतिवेदन बनेको र यसले "financial opening" अघावै competition limit गर्ने मेरो बुझाई रहेको छ। उपसमितिको TOR अन्तर्गत requirement को basis मा comply/non comply दिनुपर्नेमा सारभूत रुपमा प्रभावकारी नरहेको भन्ने प्रतिवेदनमा थियो। त्यसैले clarification मान्न मिल्ने/नमिल्ने विषयमा सार्वजनिक खरिद अनुगमन कार्यालयसँग तथा विज्ञहरूसँग राय/परामर्श पश्चात् मात्र बोलपत्रदाता comply/non-comply भन्न सकिने भनी मेरो फरक मत रहेको थियो। संयोजकको प्रतिवेदनमा उहाँ स्वयमको राय/विचार रहेको र कैफियतहरू मूल्याङ्कन समितिलाई पेश भएको थियो। विज्ञहरूको राय अनुसार clarification लाई "comply" गरेको विषयमा मानेर अगाडी बढ्न मिल्ने सुझावको आधार मूल्याङ्कन समितिले प्रक्रिया अगाडि बढ्न मिल्ने सुझावको आधार मूल्याङ्कन समितिले प्रक्रिया अगाडि बढाएको हुनुपर्दछ।

बोलपत्रमा स्पष्ट "exchange rate shall be of bid opening date" भनेर लेखिएको हुन्छ। यहाँ bid opening भन्नाले technical bid opening हो भन्ने मेरो बुझाइ हो। मूल्याङ्कन सोही मितिको विनिमय दर अनुसार भएको थियो। नयाँ बोलपत्रबाट खरिद भएका Machine बाट personalize गरिएको passport हरू "Test booklets" मात्र हुन सक्छ। नयाँ मसिनबाट Production सुरु भएको जस्तो मलाई लाग्दैन। माथि उल्लेखित खरिद कार्यको सम्झौता गर्दा बोलपत्रमा उल्लिखित SLA अन्तर्गत support and maintenance contract लागु हुने र सो को अवधि contract period भरि हुन व्यवस्था छ। आफूलाई लाए/जिम्मा दिएको कार्य प्रक्रिया अनुसार विगत भन्दा धेरै सस्तो मूल्यमा राहदानि पुस्तिका तथा प्रणाली उपलब्ध भएको भन्नेसमेत व्यहोराको राहदानी विभागका कम्प्युटर इन्जिनियर विपिन प्रसाईले गरेको बयान।